इन्द्रसरोवरको मितेरी सहकारीको कारोबार १२ करोड नाघ्यो । पृष्ठ ५ मा

विकास खबरपत्रिका राष्ट्रिय साप्ताहिक

प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त

# विकास

www.bikaskhabar.com खबरपत्रिका साप्ताहिक

कार्यालय:
थाहा नगरपालिका-८
मकवानपुर
सम्पर्क नं.
९८०७१५३३००
इमेल:
bikaskhabar@gmail.com




● मकवानपुर, वर्ष-१५, ● अंक-१४ ● २०७९ असोज ३१ गते सोमबार, ● 17 Oct. 2022, ● नेपाल सम्वत्-११४२, ● पृष्ठ-६, ● मूल्य रु. १०/-

## थाहानगर नयाँगाउँको पाइनस होटललाई
# खाद्य स्वच्छताको उत्तम स्टिकर



विकास संवाददाता
थाहानगर

खाद्य स्वच्छताको आधारमा थाहा नगरपालिकाको नयाँ गाउँमा रहेको होटल पाइनस उत्तम घोषित भएको छ । मकवानपुरको थाहा नगरपालिका क्षेत्रमा रहेका होटल, रेष्टुरेन्टमा खाद्य स्वच्छताको आधारमा स्तर निर्धारण गरिएको हो । कृषि तथा पशुपंछी विकास मन्त्रालय अन्तर्गतको खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग, खाद्य तथा गुण नियन्त्रण कार्यालय हेटौंडाले अनुगमन गरी स्तरीकरणको आधारमा लोगो वितरण गरेको हो ।

यहि २७ र २८ असोजमा थाहानगरका विभिन्न होटल तथा रेष्टुरेन्टको अनुगमन गरिएकोमा नगरका १५ वटा होटललाई सामान्य चेकजाँच गरी १३ वटा होटल स्तरीकरण गरेको हो । स्तरीकरणमध्ये ६ वटा होटललाई सामान्य स्टिकर, ६ वटा होटललाई १ स्टार लोगो तथा थाहा ४ नयाँगाउँमा रहेको होटल पाइनसलाई २ स्टार उत्तम लोगो प्रदान गरिएको खाद्य तथा गुण नियन्त्रण कार्यालय हेटौंडाले जानकारी दिएको छ ।

थाहानगर होटल एशोसियसनसंगको समन्वयमा आयोजित कार्यक्रममा थाहा नगरपालिकाका नगर प्रमुख विष्णु विष्ट, खाद्य तथा गुण नियन्त्रण कार्यालयका खाद्य प्रमुख डाक्टर क्षितिज श्रेष्ठ तथा कार्यालयका प्रेम अर्याल, स्थानीय प्रशासन सहितको टोलीले थाहा नगरभित्रका होटलहरूलाई खाद्य स्वच्छताको आधारमा लोगो वितरण गरिएको होटल एशोशियसन थाहानगरका अध्यक्ष शिवकुमार खत्रीले बताए ।

लोगो वितरण कार्यक्रममा नगर प्रमुख विष्टले आधारभुत तर खाद्य स्वच्छताको न्युनतम आधारलाई सुधार गर्न आग्रह गर्दै पर्यटकीय क्षेत्रको होटल व्यवसायहरूको स्तरिकरण, मुल्यांकन तथा अनुगमन अति आवश्यक रहेको बताए । खाद्य तथा गुण नियन्त्रण कार्यालयको रोहवरमा रहने गरि स्तरीकरण लोगो वितरण गर्नको निम्ति होटल एशोसियसन थाहा नगरको अध्यक्ष संयोजक रहने गरी स्थानीय खाद्य स्वच्छ्ता समिती गठन गरिएको थियो । समितिको सदस्यहरूमा थाहा ४ का वडा अध्यक्ष नारायण लामा, स्थानीय होटल संचालकको प्रतिनिधि एक जना, ईलाका प्रहरी कार्यालयका प्रतिनिधि एक जना, उपभोक्ता हकहित संरक्षण समितिका प्रतिनिधि र खाद्य कार्यालयका प्रतिनिधि एक जना रहेका थिए । कार्यालयले चित्लाङ र मार्खुको लागि ४ कात्तिकमा अनुगमन गरि लोगो वितरण गर्ने जनाएको छ ।

## माओवादीबाट यसपटक पनि प्रदेश
# सभा सदस्यमा पुरानै अनुहार

◆ विकास संवाददाता



प्रेम बहादुर पुलामी    कुमारी मोक्तान

गठबन्धनसँगको चुनावी तालमेलसँगै जिल्लामा प्रत्यक्षतर्फ माओवादीले दुई प्रदेश सभा सदस्य पाएको छ । अघिल्लो पटक माओवादीका उम्मेदवार निर्वाचित बनेको क्षेत्रनै पाएको हो । यस पटक पनि बाग्मती प्रदेश सदस्यका लागि माओवादीको केन्द्रीय सदस्य एवं जिल्ला इन्चार्ज ४२ वर्षीया कुमारी मोक्तान र पार्टीको प्रदेश उपाध्यक्ष ४९ वर्षीय प्रेमबहादुर पुलामीलेनै टिकट पाएका छन् भने उम्मेदवारी दिएर चुनावी अभियानमा हिड्न सुरू गरिसकको छन् ।

बाग्मती प्रदेशकी सामाजिक विकासमन्त्रीसमेत रहेकी हेटौंडा-१३ की मोक्तानले जिल्लाको क्षेत्र नम्बर- २ को (क) र निवर्तमान प्रदेश सदस्य बागमती-६ का पुलामीले क्षेत्र नम्बर-१ को (क) का लागि उम्मेदवारी दिएका हुन् । यसअघि २०७४ सालमा भएको निर्वाचनमा पनि उनीहरू सोही क्षेत्रबाट निर्वाचित भएका थिए । यसअघि पनि पटकपटक उनीहरू नै उम्मेदवार र निर्वाचित बन्दै आइरहेका छन् ।

अघिल्लो पटक एमालेसँग तालेमल गर्दा उनिहरूले सहज जित हात पार्न सफल भएका थिए भने यसपटक जित हात पार्न सकस देखिएको छ । यस पटक यसअघि विजयी भएको क्षेत्रमा १ को (क) मा पार्टीका केन्द्रीय सदस्य युवा नेता विजय गौतम र २ (क) मा २०७४ सालमा थाहा नगरपालिकाको प्रमुख पदमा निर्वाचित माओवादी प्रदेश सदस्य लवशेर विष्टको चर्चा रहँदा टिकट भने पुरानै अनुहारले पाउँदा जिल्ला नेतृत्वदेखि कार्यकर्ता स्तरसम्म रूष्ट र हेको माओवादी जिल्ला नेताहरूको बुझाइ रहेको छ । २०७४ सालमा एमालेसँग चुनावी तालमेलमा पनि माओवादीले जिल्लामा सोही २ प्रदेशसभा सदस्य मात्र पाएको थियो ।

गठबन्धनलाई कायम गरेर लैजाँदा २ वटा प्रतिनिधिसभा र २ वटा प्रदेशसभा उम्मेदवारविहीन भएको भन्दै जिल्ला नेता, कार्यकर्ताहरूमा असन्तुष्टि देखिएको छ । माओवादीको राम्रो जनमत भएको जिल्लामा यसपटक पनि २ प्रदेश सदस्यमा खुम्चिँदा कार्यकर्ता रूष्ट बनेका छन् । मकवानपुर माओवादी जिल्ला सदस्य खुसीलाल प्रजाले गठबन्धनविरूद्ध बागी उम्मेदवारीनै दिएर चुनावी मैदानमा छन् भने कतिपय कार्यकर्ताले सामाजिक सञ्जालमार्फत पार्टी छाडेको घोषणा गर्दा कतिपय अन्य पार्टीमा प्रवेश गर्दै चुनावी अभियानमै सक्रिय देखिएका छन् ।

# 'सूर्य चिन्ह मेरो सौभाग्य'–थापा

◆ विकास संवाददाता

नेपाल कम्युनिस्ट पार्टी एमाले मकवानपुरले जनवर्गीय संगठनसंगको अन्तरक्रिया भएको छ । कार्यक्रममा जनबर्गीय सङ्गठनका केन्द्रिय कमिटी र प्रदेश कमिटीका पदाधिकारी तथा सदस्यहरू, प्रदेश कमिटीका सदस्यहरू जिल्लाका अध्यक्ष र सचिवहरू सहभागी रहेका थिए ।

सत्ता गठबन्धनसंग प्रतिस्पर्धा गर्नुपर्ने भएकोले निर्वाचनलाई स्वच्छ बनाउन एमाले चनाखो रहनुपर्नेमा कार्यक्रममा सहभागीहरूले जोड दिएका छन । नेकपा एमालेका केन्द्रिय सदस्य एबम जिल्ला सह इन्चार्ज जुनेली श्रेष्ठले कार्यक्रम प्राप्त गरेका सल्लाह सुझाव अनुसार पार्टीको रणनीति हुने बताए । निर्वाचनमा सबैले आ आफ्नो भुमिकालाई कायम राख्नुपर्ने बताए । नेकपा एमालेका मकवानपुर क्षेत्र नम्बर २ का उमेदवार महेश बर्तौलाले निर्वाचनमा एक्लै भन्दा पनि पार्टीका सबै तह सक्रिय हुनुपर्ने बताए । यो निर्वाचनमा गठबन्धन परास्त हुने उनले बिश्वास व्यक्त गरे ।

मकवानपुर क्षेत्र नम्बर १ का उमेदवार कमल थापाले सूर्य चिन्हमा निर्वाचन लड्न पाउनु सौभाग्य भएको बताए । एमालेसंग बिगतमा पनि सहकार्य भएको स्मरण गर्दै आगामी दिनमा पनि जारी रहने उनको भनाई थियो ।

जिल्ला अध्यक्ष एबम मकवानपुर क्षेत्र नम्बर १ ख का उमेदवार एकालाल श्रेष्ठले बिजयी प्राप्त गर्ने तयारी गरेर अगाडि बढेको बताए । सबै तहले आ–आफ्नो जिम्मेवारी महसुस गरेर सबै तहमा खटिन निर्देशन दिए । निर्वाचन परिचालन कमिटीका संयोजक अनन्त पौडेलले जनबर्गीय संगठननबाट आएका सुझावका आधारमा जनता माझ जाने बताए ।

## उमेद्वारमाथि उजूरी परेन

मकवानपुरमा उमेद्वारी दर्ता गराएका सबै ६९ जनाको विरूद्धमा उजुरी नपरेको निर्वाचन अधिकृतको कार्यालयले जनाएको छ । आगामि ४ मंसिरमा हुने प्रतिनिधिसभा र प्रदेशसभा सदस्य पदको लागि २३ असोजमा मनोनयन दर्ता गराएका उम्मेदवारमाथि उजुरी नपरेको हो ।

निर्वाचन आयोगको निर्वाचन तालिका अनुसार २४ असोजमा बिहान १० बजेदेखि दिउँसो ३ बजेसम्म उजुरी दिने समय तोकेको थियो । तोकिएको समयावधि भित्र कुनैपनि उम्मेदवारमाथि उजुरी नपरेको प्रतिनिधिसभा क्षेत्र नम्बर १ का मुख्य निर्वाचन अधिकृत ऋषिराम निरौलाले जानकारी दिए ।



# • सम्पादकीय •

## मौसमी बजार अनुगमन कहिलेसम्म ?

चाडपर्व नजिकिएको बेला बजार अनुगमन हुने गर्छ । दशै आउनै लाग्दा स्थानीय तहहरु बजार अनुगमनमा जुरमुराएका छन् । तिहार आउनै लाग्यो फेरि शुरु भैसक्यो बजार अनुगमन । बजार अनुगमनको काम स्थानीय सरकारको जिम्मेवारीभित्र आएपछि पनि यो मौसमी अनुगमनमा खासै परिवर्तन आएको छैन । अनुगमनका क्रममा सधैंजसो बजारमा उपभोक्ताको स्वास्थ्यमा प्रत्यक्ष असर गर्नेखालका वस्तु तथा सेवाहरु खरिद बिक्री भइरहेको भेटिने गरेको छ । मकवानपुरको थाहा नगरपालिकाले दशैमा गरेको अनुगमनका क्रममा बजारमा म्याद नाघेका सामानहरु बिक्री भएको, बढी मूल्यमा सामान बिक्री भएको, लेबल नलगाइएका सामानहरु बिक्री गरेको भेटिएको थियो । चाडपर्वका बेला उपभोक्तामाथि अचाक्ली शोषण गर्ने व्यापारीहरुका गतिविधिमाथि नियन्त्रण गर्न यस्ता अनुगमनले सहयोग नै पुऱ्याउँछन् तर मुनाफाका लागि जे पनि गर्न तत्पर छाडा बजारलाई तह लगाउन मौसमी अनुगमनले पुग्दैन । चाडपर्वका बेला मात्र नभएर बजार अनुगमन तथा नियमनलाई नियमित बनाउनुपर्छ । अनुगमनका क्रममा भेटिएका म्याद नाघेका तथा अखाद्य वस्तु जफत तथा नष्ट गर्ने गरेको देखिएको छ । त्यस्ता व्यापारीलाई सचेत पार्ने बाहेक कुनै कारवाही पनि हुने गरेको छैन । बजार अनुगमनलाई एउटा औपचारिकता निर्वाह गरे जसरी लिने गरिएको छ ।

बजार अनुगमनका क्रममा बारम्बार एउटै प्रकृतिका समस्याहरु भेटिने हुँदैनथ्यो । यसरी अनुगमनलाई हलुका रुपमा लिइँदैनथ्यो । अखाद्य तथा म्याद नाघेका सामान बिक्री गर्नेहरुले पटक– पटक उही क्रियाकलाप दोहोऱ्याउँदैनथे । त्यसैले उपभोक्ता हित विपरीत व्यापार गर्नेहरुप्रति अनुगमन तथा नियमन गर्ने निकाय कठोर रुपमा प्रस्तुत हुनु जरुरी छ । हामीले २१ औं शताब्दीका जति कुरा गरे पनि आम उपभोक्तामा सचेतनाको कमी छ । बस्तु तथा सेवा खरिद गर्दा हेर्नुपर्ने न्यूनतम कुराहरुसमेत ध्यान दिइरहेको अवस्था छैन । ज्ञान र प्रविधिबारे अनभिज्ञता छ । उपभोक्तामा अझै परम्परावादी सोच छ । सीमित वर्गले मात्र आफ्नो अधिकारबारे जानेका छन्, धेरै उपभोक्ता आज बजारमा सामान किन्न जाँदा न वस्तु छनोटमा ध्यान दिन्छन्, न वस्तुको उत्पादन मिति, म्याद सकिने मिति हेर्ने चलन छ, न त सामान किनिसकेपछि बिल माग्ने बानी छ । यही बानीले गर्दा उपभोक्ताहरु व्यापारीबाट ठगिएको समेत थाहा पाइरहेका छैनन् । उपभोक्ता स्वयं सचेत नबनिदिँदा र उपभोक्ताकै लापरवाहीको कारणले गर्दा पनि व्यापारीहरुको ठग्ने मनोबल बढ्दै गएको हो । मुनाफाबाहेक अरु नहेर्ने व्यापारीले उपभोक्तालाई सजिलै ठगिरहेका छन् तर हामी उपभोक्ता ठगिनबाट बच्न सचेत हुन जरुरी छ । सरकारले कडाइका साथ अनुगमनमा जोड नदिएसम्म बजारमा उपभोक्ता ठगिने काम जस्ताको तस्तै रहन्छ । त्यसैले सरकारले कडाइका साथ अनुगमन गर्नुपर्छ । अनुगमनमा खटिने टोलीहरु पनि पैसाको लागि भन्दा पनि जिम्मेवारीको सोचले कडाइका साथ अनुगमनमा खटियो भने उपभोक्ता ठग्ने व्यवसायीहरु कारवाहीमा पर्छन् । त्यसपछि मात्र बजारमा सुधार आउँछ र उपभोक्ताहरु ठगिनबाट जोगिने हो । कालोबजारी, मूल्यबृद्धि, अखाद्य वस्तुको मिसावटलगायतका समस्याबाट मुक्ति पाउने हो ।

बजार उपभोक्तामैत्री हुन नसक्दा बस्तु र सेवाको उपभोग गर्ने उपभोक्ताले बस्तुको मूल्य, गुणस्तर र तौलमा मात्र होइन सेवाका क्षेत्रमा समेत दुःख पाइरहेको अवस्था छ । त्यसैले उपभोक्ता सचेतना एवं बजार अनुगमनको विषयलाई वार्षिक नीति तथा कार्यक्रम र बजेटमा समावेश गरेर वडास्तरदेखि नै बजारलाई उपभोक्तामैत्री बनाउन र उपभोक्ता अधिकारलाई संरक्षण गर्न सक्नुपर्दछ । अनि मात्र स्थानीय सरकारको अनुभूति गर्न सकिन्छ ।


### थाहा नगरपालिकाको शिखरकोट काउण्टरबाट दिवा बस सेवा

| | | |
|---|---|---|
| विहान | ६:१५ | बजे काठमाण्डौ (हाइस) |
| विहान | ६:१५ | बजे हेटौंडा (फोर्स) |
| विहान | ७:१५ | बजे काठमाण्डौ (बस) |
| विहान | ८:00 | बजे हेटौंडा (बस) |
| विहान | ८:१५ | बजे सिमभन्ज्याङ हुँदै काडमाण्डौ (फोर्स) |
| विहान | ९: 00 | बजे काठमाण्डौ (मिनीबस) |
| विहान | ९:00 | बजे हेटौंडा जम्बो हाइस |
| विहान | ९:४५ | बजे काठमाण्डौ फोर्स |
| विहान | १0:१५ | बजे मार्खु, पालुङ हुँदै हेटौंडा (मिनीबर्स) |
| विहान | १0:१५ | बजे काठमाण्डौ(फोर्स) |
| विहान | १0:३0 | बजे हेटौंडा (फोर्स) |
| विहान | ११:१५ | बजे काठमाण्डौ (मिनिबस) |
| विहान | १२:३0 | बजे हेटौंडा (बर्स) |
| मध्यान्ह | १२:३0 | बजे काठमाण्डौ (बस) |
| मध्यान्ह | १:३0 | बजे हेटौंडा (मिनीबस) |
| दिउँसो | १:३0 | बजे पालुङ गोगने पकने (मिनीबस) |
| दिउँसो | १:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | २:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | ३:00 | बजे पालुङबाट मार्खु (बस) |
| दिउँसो | ३:३0 | बजे पालुङबाट काठमाण्डौं (बस) |

*थप जानकारीको लागि नारायणी यातायात दिवा बस सेवा तथा टिकट काउण्टर दामन शिखरकोट इन्चार्ज अरुण लामा ९८५५०७२३२२ र नरेन्द्र अधिकारी ९८५५०७०५६१*


### महत्वपुर्ण टेलिफोन नम्बरहरू

| | |
|---|---|
| पालुङ एम्बुलेन्स (चालक) | ९८१४२०७४०१ |
| आग्रा एम्बुलेन्स (चालक) | ९८६०२२३७५५ |
| जनकल्याण उच्च मा.वि. | ०५७-६२०३६४ |
| थाहा नगरपालिका कार्यालय | ०५७-४०००५६ |
| मत्स्यनारायण मा.वि. | ०५७-६२०५१२ |
| ईप्रका पालुङ (प्रमुख) | ९८५५०६९४९९ |
| प्रहरी चौकी फाखेल | ०५७-६९२५१८ |
| जिल्ला प्रशासन मकवानपुर | ०५७-५२०३८८ |
| विद्युत प्राधिकरण पालुङ | ०५७-४०००२९ |

# गरिबी निवारणमा कृषि पर्यटन



डा. माधव अधिकारी

प्रत्येक वर्ष अक्टोबर १७ मा अन्तर्राष्ट्रिय गरिबी निवारण दिवस मनाउँदै आइएको छ । यस वर्ष पनि विभिन्न कार्यक्रमका साथ मनाइयो । यसको पृष्ठभूमिलाई हेर्दा गरिबी उन्मूलनको लागि अन्तर्राष्ट्रिय दिवस मनाउने चलन १७ अक्टोबर १९८७ बाट प्रारम्भ भएको पाइन्छ । उच्च गरिबी, हिंसा र भोकमारीको सिकार भएको विश्वमा गरिबी निवारण गर्ने उद्देश्यका साथ यो दिवस मनाउँदै आएको पाइन्छ । सन् २०२२ को गरिबी निवारण दिवस 'सबैजना सँगै मिलेर गरिबी निवारण गर्ने र पृथ्वीका हरेक मानिसलाई ससम्मान बाँच्ने वातावरण सिर्जना गर्ने' भन्ने नारामा केन्द्रित छ । विश्व बैंकको प्रतिवेदनमा पछिल्लो दुई वर्षमा करिब नौ करोड देखि १२ करोड मानिस गरिबीको चपेटामा परेका छन् । परमाणु शक्ति र हतियारमा अरबौं डलर खर्च गर्नसक्ने देशहरूमा मानिस भोक, रोग, बासका समस्या सम्बोधन गर्न भने सकेका छैनन् । २१औं शताब्दिको पहिलो अर्धदशकभित्र पनि संसारमा गरिबी निवारण गरी गाँस, बास र कपासको आधारभूत प्रत्याभूति दिन सकेको छैन । विश्व खाद्य कार्यक्रमअनुसार विश्वमा ८१ करोड १० लाख मानिसलाई पर्याप्त खाना छैन ।

विश्व स्वास्थ्य संगठनका अनुसार दुई अर्ब मानिसलाई सुरक्षित खानेपानी छैन । संयुक्त राष्ट्र संघीय विकास कार्यक्रमअनुसार एक अर्ब ३० करोड मानिस बहुआयामिक गरिबीमा रहेका छन् । गरिबी सबैको साझा समस्या भएको हुँदा संसारबाटै गरिबी अन्त्य नगरेसम्म मानवको सुखशान्ति र समृद्धि हुन सक्दैन । चरम गरिबी समाजबाट वञ्चित गर्ने संरचनागत भेदभाव, सामाजिक सुरक्षा प्रणालीमा रहेको कमजोरीले गरिबीको दुश्चक्रमा फसिरहेका मानिसलाई बाहिर ल्याउन कठिनाइ भएको छ । हत्याहिंसा, राजनीतिक विकृति, सुशासनको कमि, बेरोजगारीको कारण युवाशक्ति विदेश पलायन हुनु, जलवायु परिवर्तनका कारण भएको प्राकृतिक प्रकोप, वातावरण स्खलन, जैविक विविधता विनाश, पर्यावरणमा क्षति, मानिसको घर, बाली, जीवनयापनमा पुऱ्याएको क्षति, विभिन्न महामारीले सिर्जना गरेको विपत्ले गरिबीको दलदलमा फसी थप पीडा भएको सर्वविधितै छ ।

नेपालको सन्दर्भमा हालको अवस्था हेर्दा निरपेक्ष गरिबीमा रहेका जनसंख्या १८ दशमलव ७ प्रतिशत छ । बहुआयामिक गरिबीको संख्या १७ दशमलव ४ प्रतिशत रहेको अनुमान गरिएको छ । सहरी तथा ग्रामीण एवं विभिन्न भौगोलिक क्षेत्र र सामाजिक समूहबीचको आर्थिक तथा सामाजिक असमानता कहालिलाग्दो छ । नेपालको संविधानको भावनाअनुरूप सामाजिक न्याय सबै प्रकारका असमान एवं विभेदको अन्त्य, मानव अधिकारको संरक्षण, गरिबी निवारण, शान्ति र समृद्धि प्राप्तिको लागि सम्बन्धित निकाय सधैँ प्रतिबद्ध छ भनेको पाइन्छ ।

विगतमा गरिबी निवारण कार्यक्रम पनि सञ्चालन नभएको भने होइन । विभिन्न गैरसरकारी संस्थाले यसमा अरबौं डलर खर्च नगरेको पनि होइन । नेपाल सरकारको पन्ध्रौं आवधिक योजनामा निरपेक्ष गरिबीको रेखामुनि रहेको जनसंख्या २०८७ सम्म ४ दशमलव ९ प्रतिशत र विसं २१०० सम्ममा शून्यमा झार्ने लक्ष्य भने राखिएको छ । बहुआयामिक गरिबीमा रहेको जनसंख्या विसं २०८७ सम्ममा १० प्रतिशत र विसं २१०० सम्ममा ३ प्रतिशतमा झार्ने भन्ने प्रक्षेपण भने गरिएको छ । गरिबी निवारण नीति २०७६ ले समाजमा रहेको सबै प्रकारको विभेद अन्त्य गर्ने, दिगो विकास लक्ष्यले सन् २०३० सम्ममा गरिबीको रेखामुनी रहेको जनसंख्या ५ प्रतिशतभन्दा तल ल्याउने लक्ष्य भने राखिएको छ ।

त्यस्तै गरिब परिवार पहिचान कार्यक्रमअन्तर्गत विभिन्न कार्यक्रमहरू राखिएको छ । भूमिहीन दलित र भूमिहीन सुकुमबासीको समस्या समाधानको लागि राष्ट्रिय भूमि आयोगमार्फत विभिन्न कार्यक्रम गरिएको पाइन्छ तैपनि राजनीतिक विकृति र दलीय स्वार्थ आदिबाट सुशासनको कमी भई सो कार्य सफलीभूत हुन नसकेको आम गुनासो छ । बढ्दो बेरोजगारी समस्या र गरिबीको कारण देशको युवा जनसंख्या वर्षेनी विदेश पलायन हुन बाध्य भएका छन् जसको कारण केही रेमिट्यान्स भित्रिएर देशको अर्थतन्त्रमा सहयोग गरे पनि स्थायी राष्ट्रिय अर्थतन्त्रमा भने ठूलो नकारात्मक असर परेको छ । सो समस्यालाई समाधान गर्नको लागि देशभित्र कृषि पर्यटनमार्फत रोजगारी सिर्जना गरी गरिबी निवारण गर्न अति आवश्यक छ ।

विश्वमा सूचना र सञ्चारको जगतमा एक्काईसौं शताब्दीमा देखिएको द्रुत विकासको साथै पुँजी, प्रविधि तथा विकासको विस्तारले अर्थतन्त्रको स्वरूपमा सकारात्मक परिवर्तन ल्याएको पाइन्छ । विकसित मुलुकहरूबाट मूलतः प्राकृतिक स्रोत एवं साधनको उपलब्धताका आधारमा औद्योगिक उत्पादनमार्फत पुँजी बजारमा प्रतिस्पर्धा गरिएको स्थिति छ । विकासशील देशहरू उनीहरूको लागि वस्तु तथा श्रम बजारको केन्द्र बन्दै आएको अवस्था छ । यो शताब्दीको सुरूदेखि नै सूचना र प्रविधिको साथमा सेवामूलक व्यवसाय र वैदेशिक पुँजीको लगानीबाट विकासशील देशहरूले समेत उल्लेख्य आर्थिक वृद्धि हाँसिल गर्दै पर्यटकीय क्षेत्रबाट आएको पाइन्छ ।

आ–आफ्ना देशमा उपलब्ध प्राकृतिक स्रोत साधन, मानवीय क्षमता, भौतिक पूर्वाधार, सांस्कृतिक सम्पदा, व्यापारिक कारोबारको लागि उपयुक्त रणनीतिक एवं भू–राजनीतिक अवस्थाको सही पहिचान र उपयोगबाट विकासोन्मुख देशहरूले समेत आर्थिक विकास र वृद्धिमा उल्लेखनीय फड्को मारिरहेको अवस्था छ । विश्वको बदलिँदो आर्थिक परिवेशलाई आत्मसात् गर्दै अर्थतन्त्रमा विकसित देशको साथै विकाशशील देशले समेत आर्थिक विकासको लक्ष्य, कार्यक्रम र प्राथमिकता निर्धारण गरी आर्थिक गतिविधि सञ्चालन गरी उपलब्धि हासिल गर्नुपर्ने अवस्था छ । यसै परिवेशमा देशमा बढ्दै गएको बेरोजगारीको समस्या हल गर्नको लागि कृषि पर्यटन व्यवसायलाई अगाडि बढाउनु अपरिहार्य छ । यसै सिलसिलामा कोभिड–१९ को कारण पर्यटन उद्योग थला परेकोले केन्द्रीय सरकार, प्रदेश सरकार साथै स्थानीय सरकारले आफ्नो नीति कार्यक्रममा कृषि पर्यटन उद्योगलाई माथि उठाउने नीति तथा कार्यक्रम ल्याउन आवश्यक छ ।

समृद्ध नेपाल सुखी नेपालीको रेखा कोर्न सुशासनको माध्यमबाट गरिबी निवारण हटाउन सहयोग गरी भविष्य निर्माण गर्ने आशा एवं भरोसाका केन्द्रविन्दु युवा जनशक्तिको विदेश पलायनतालाई रोक्दै स्वदेश एवं जन्मभूमिमा नै उद्यमशीलता र रोजगारीको अवसर सिर्जना गर्नु पहिलो आवश्यकता भएको छ । नेपालको प्राकृतिक भू–धरातल वातावरण एवं सांस्कृतिक जनजीवन, कृषि उर्वरताका विशेषताहरूको आधारमा सूचना र प्रविधिको अधिकतम उपयोगका साथ सामाजिक सेवामूलक व्यवसायमा जोड दिँदै कृषि पर्यटनलाई नयाँ आयामका साथ मुख्य व्यवसायका रूपमा विकास गर्नु आजको आवश्यकता हो ।

हाम्रो देशमा तुलनात्मकरूपमा मध्यमस्तरको जनशक्ति एवं कम पुँजी र प्रविधिबाटै सञ्चालन गर्न सकिने श्रमप्रधान एवं सेवामूलक कृषि पर्यटन उद्योगको विकासबाट यस हाम्रो देशको आर्थिक, सामाजिक विकास गरी गरिबी निवारण कार्यक्रमलाई सहयोग गर्ने सम्भावना प्रस्ट देखिन्छ । नेपाल विश्व मानचित्रमा अद्वितीय प्राकृतिक एवं सांस्कृतिक सम्पदाले भरिपूर्ण देश भएकाले कृषि पर्यटन तुलनात्मक लाभ र वैकल्पिक आर्थिक अवसरका लागि उपयुक्त साधनको रूपमा रहेको छ । जसबाट हाम्रो देशको जनताको शान्ति र समृद्धिप्रतिको चाहना पूरा हुन मदत पुग्नसक्छ ।

हाम्रो देश प्राकृतिक, सांस्कृतिक एवं ऐतिहासिक पर्यटकीय सम्पदाको धनी भए पनि विश्व पर्यटन बजारमा आवश्यक पहुँच र प्रसारको कमीले सोचेअनुसार पर्यटकहरूको संख्यामा वृद्धि र ऐतिहासिक पर्यटन गतिविधिलाई विकास गरी यसबाट अपेक्षित लाभ लिन नसकेको अवस्था छ । ऐतिहासिक एवं पर्यटकीयस्थल हुँदा छुट्टै पनि सो स्थानको पर्यटकीय विकास हुन सकेको छैन । यसबाट प्रस्ट हुन्छ कि उत्कृष्ट पर्यटकीय सम्पदाहरू भए पनि राष्ट्रिय बजारमै हाम्रो पहुँच पुग्न सकेको छैन । सुन्दर प्राकृतिक र ऐतिहासिक, धार्मिक सम्पदाका कारण हाम्रो देशमा आन्तरिक एवं बाह्य पर्यटकलाई भविष्यमा आकर्षण गरी नेपालमा मानिसको आगमन वृद्धि हुन सक्नेछ । ग्रामीण पर्यटकको विकास र स्थानीय सहभागितामा विशेष जोड दिँदै त्यसको ऐतिहासिक, प्राकृतिक तथा सांस्कृतिक सम्पदा एवं वातावरणको संरक्षण र संवर्द्धन गर्दै ऐतिहासिक स्थलको संरक्षण गर्दै स्थानीय बासिन्दाको चाहनाअनुसार कृषि पर्यटन व्यवसायको विकास, विस्तार र प्रवर्द्धन गर्नु अहिलेको समयको माग हो ।

नेपालको लागि एकीकृत पर्यटकीय व्यवस्थापन योजनाको अभावले गर्दा देशमा हाल यत्रतत्र अवस्थामा छरिएर रहेका सम्भावित पर्यटकीय आकर्षणहरूको महत्वलाई पहिचान गर्न, त्यस्ता आकर्षण स्थलहरूलाई पर्यटन सम्पदाको रूपमा विकास गर्न र पर्यटनसम्बन्धी सेवा सुविधालाई पनि प्रभावकारी बनाउन

*बाँकी पृष्ठ ३ मा*

# पुरूषहरू नै किन बढी पिउँछन् ?

जगजाहेर छ, महिलाको तुलनामा पुरूषहरू बढी रक्सी पिउँछन् । जुनसुकै समाज, जुनसुकै घरमा नियाल्नुहोस्, र क्सी पिउने कुरामा पुरूष बढी अग्रसर हुन्छन् ।

संभवत विश्वभरमै पुरूषहरू बढी पियक्कड छन् । भलै यसबारे मिहिन रूपमा कुनै खोज अनुसन्धान नभएको हुनसक्छ । खानपानको सवालमा खासै लैङ्गिक असमानता देखिँदैन । यद्यपि रक्सीको तुलनामा भने यो असमानता निकै फराकिलो छ ।

धेरैजसो घरभित्र जहाँ पुरूष हरेक साँझ वा जमघटमा रक्सी पिइरहेका हुन्छन्, महिला भने जुस वा हल्का पेयमा रमाइरहेका हुन्छन् । कुनै रेस्टुरेन्ट, भोजभतेर, भट्टी आदिमा रक्सी पिउँदै जमघट गर्नेहरूमा पुरूषहरू नै हुन्छन् । महिलाहरूको यस्तो जमघट देख्नु दुर्लभ हो ।

### आखिर किन पुरूषहरू बढी पियक्कड हुन्छन् ?

पुरूष र महिलाको शारीरिक संरचनामा केही भिन्नता हुन्छ । पुरूषको शरीर रचना जुन ढंगले भएको छ, त्यसले रक्सी खपत गर्ने सामर्थ्य बढी राख्छ भनी एक अध्ययनमा उल्लेख छ । सन् २०१० मा रक्सी खपतमा लिङ्ग भिन्नता जाँच गर्ने अध्ययनमा शोधकर्ताहरूले यो कुरा बाहिर ल्याएका हुन् ।

यसको कारण के पनि बताइएको छ भने पुरूषको शरीरमा हुने बोसोको मात्रा महिलाको तुलनामा कम हुन्छ । रक्सीको कारण शरीरमा बोसो जम्मा हुने भएकाले पुरूषले रक्सीको स्वादमा बढी आनन्द लिने गर्छन् ।

यद्यपि मनोविद्हरू यो तर्क मान्न तयार छैनन् । यसमा सदियौंदेखि गढिएको पितृसत्ता सोंच नै मूल कारण हो भन्ने उनीहरूको भनाई छ । मनोविद् नन्दिता शर्मा भन्छिन्, 'कुनैपनि कुरामा पुरूष हावी हुनु भनेको यो समाजले स्थापित गरेको मान्यताले गर्दा हो । पितृसत्तात्मक सोंचसँगै हुर्किएको समाजमा पुरूषले बढी



स्वतन्त्रताको उपभोग गर्ने परम्परा छ । उनीहरूले निर्धक्क र खुलेआम रक्सी पिउनुमा पनि कहीँ न कहीँ यहि सोंचले काम गरेको हो ।'

पुरूषले हरेक क्षेत्रमा आफ्नो प्रभुत्व जमाउन खोज्ने मनोविज्ञानकै कारण रक्सीमा पनि उनले बढी हक खोज्ने गरेको मनोविद् शर्माको तर्क छ ।

'पुरूषले बढी रक्सी पिउने कारण सामाजिक सिकाई पनि हो' उनी भन्छिन्, 'पुरूषको रक्सी पिउने बानीलाई समाजले सहर्ष स्विकारेको छ, जसले गर्दा पनि पुरूषहरू बढी पियक्कड भएका हुन् ।' मनोविद शर्माका अनुसार पुरूषले घरको सम्पूर्ण जिम्मेवारी आफ्नो काँधमा लिएको हुन्छ । उसले धेरै शारीरिक परिश्रम गर्नुपर्छ । त्यसैले पनि उसलाई धेरै कुराको तनाव हुन्छ, जुन तनावलाई कम गर्न रक्सी पिउन छुट दिइन्छ ।

रमाइलो गर्न होस् वा दुःख भुलाउने बहानामा, पुरूषहरू रक्सीको साथ खोज्छन् । यो कुरालाई परिवार र समाजले पनि चुपचाप स्विकारेको छ ।

समाजले महिलाको तुलनामा पुरूषलाई बढी स्वतन्त्रता दिएको छ । जहाँ महिलाहरू एक्लै हिँडडुल गर्न छुट दिइदैन, त्यहाँ पुरूषलाई निर्धक्क हिँड्न दिइन्छ । जहाँ कतै गएकी महिलालाई राती चाडै घर आउन उर्दी जारी गरिन्छ, त्यहाँ पुरूषलाई आफुखुसी घर फर्कन दिइन्छ । जहाँ महिलालाई साथीसंगीसँग कुनै जमघटमा मस्त रमाउन बन्देज गरिन्छ, त्यहाँ पुरूषलाई उन्मुक्त रमाउन दिइन्छ । यस किसिमको परिपाटीकै अवशेष रक्सी पिउने प्रवृत्तिमा पनि रहेको क्लिनिकल मनोविद् तृष्णा विष्टको भनाई छ ।

'हुन त पुरूषहरू बढी पियक्कड हुनुमा कुनै एउटा मात्र कारण छैन' क्लिनिकल मनोविद् विष्ट भन्छिन्, 'कोही बाबु बाजेबाट सिक्छन्, कसैले पारिवारिक वातावरण वा साथीभाईसको संगतबाट, कसैले परिस्थितीवश रक्सी पिउन थाल्छन् ।'

जनरल फिजिशियन डा. सन्जय शाहका अनुसार पुरूषहरूले बढी रक्सी पिउनुमा कतिपय सामाजिक मान्यतासँगै शारीरिक बनावट पनि मूल कारण हो । महिलाको शरीर जसरी कोमल हुन्छ, पुरूषको अलि बलियो हुनेगर्छ । यस्तो शरीरले रक्सी जस्तो पेय पचाउन पनि सक्छ । 'पुरूषको शरीरमा एउटा टेस्टोट्रोन भन्ने हर्मोन हुन्छ' डा शाह भन्छन्, 'यसले रक्सी पचाउन सक्छन् ।'

पुरूषहरू बढी पियक्कड हुनुमा उनीहरूले व्यवहारिक जिम्मेवारी बोक्नुपर्ने बाध्यता र त्यसलाई सही रूपमा व्यवस्थापन गर्न नसक्दा उत्पन्न हुने तनाव पनि हो भनिन्छ । घर-परिवारको आर्थिक बोझ उनीहरूको टाउकोमा हुन्छ । घर-व्यवहार मिलाउनुपर्ने उनीहरूको जिम्मेवारी हुन्छ । यस्तो काम-व्यवहारलाई सही रूपमा व्यवस्थापन गर्न नसक्दा उनीहरूमा तनाव पैदा हुन्छ ।

वरिष्ठ न्यूरो सर्जन प्रा. डा. राजीव झाका अनुसार रक्सी पिएको सुरूवाती चरणमा मान्छेले आनन्द अनुभूत गर्छन् । 'एकदमै रिल्याक्स महसुष गर्छन्' उनी भन्छन्, 'यसको कारण के हो भने रक्सी पिएपछि एउटा विशेष हर्मोनको श्राव हुन्छ जसलाई ह्याप्पी हर्मोन भनिन्छ । यसले उनीहरूलाई आनन्द अनुभूत गराउँछ ।'

यसरी क्षणिक आनन्दका लागि पुरूषहरू रक्सी पिउने गर्छन्, जो कालन्तरमा उनीहरूको बानीमा रूपान्तरण हुन्छ ।

# गज्जबले हाँस्नुहोस् त !

एकपटक धक खोलेर जोडले हाँस्नुहोस् त, के हुन्छ ?

क्षणभर नै सही, तपाईंको मनबाट रिस-राग, दुःख-पीडा, गुनासो-बिलौना हटेर जान्छ । हठात तनाव हट्छ । मन प्रफुल्ल हुन्छ । हृदयमा उमंग छाउँछ । मात्र एकपटक हाँस्दैमा ।

यी त भावनात्मक कुरा । शरीर विज्ञानमा पनि यसको प्रभाव कम्ता छैन । जब तपाईं ढुक्कले हाँस्नुहुनेछ, शरीरका तन्तुहरू सक्रिय हुनेछन् । रक्तसंचार प्रणाली सहज हुनेछ । फोक्सोमा अक्सिजनको मात्रा बढ्नेछ ।

त्यती मात्र कहाँ हो र ? तपाईंको आसपासका वातावरण नियाल्नुहोस् । तपाई हाँसेको देखेर अरूको मुहारमा पनि मुस्कान छाएको छ । वातावरण रसिक बनेको छ । निर्धक्क हाँस्नु भनेको सकारात्मक भावनाको स्वतस्फूर्त अभिव्यक्ति पनि हो ।

हाँस्नुको फाइदै फाइदा छ । जबकि यति हाँस्नका लागि न तपाईंले अतिरिक्त पैसा खर्च गर्नुपर्छ न कुनै कुरा गुमाउनु नै । भुक्तभोगीहरू भन्छन्, 'हाँस्नु स्वास्थ्यका लागि अति लाभदायक छ ।' तर दुःखको कुरा हाँसो हाम्रो जीवनबाट गायब हुँदै गएको छ । किन ?

मनभित्र गुम्सिएको गुनासो, कुष्ठा, अपेक्षा आदिले गर्दा हामी खुलेर हाँस्न सकिरहेका छैनौं ।

### हाँसो किन हराउँदै गइरहेको छ ?

मान्छे दुःखी होइन, खुसी हुन चाहन्छन् । हाँस्नु भनेको खुसी हुनुकै एउटा लक्षण हो । दुःखमा मान्छे हाँस्दैन । खुसी, उमंग, उत्साहमा मान्छे हाँस्छ । अतः मान्छेले आफुलाई खुसी तुल्याउन अनेक उपाय अपनाउने गरेका छन् । जस्तो सिनेमा हेर्ने, किताब पढ्ने, जोक्स सुन्ने, टिकटक हेर्ने, गेम खेल्ने । तर यी माध्यामबाट खुसी बाहिरी चिजबाट होइन, आफैभित्रबाट प्रस्फुटन हुनुपर्छ ।

खुसी, उमंग, हाँसोको स्रोत बाहिर छैन, हामीभित्रै छ । हामीले आफुभित्रको यही स्रोत पहिल्याउनुपर्छ, ताकि हाँस्नका लागि कुनै बाहाना नचाहियोस् ।

### नकारात्मक हाँसो

कतिपय मान्छेहरू अरूको पीडामा हाँस्न सक्छन् । कोही व्यक्ति हिलोमा पछारिए पनि मान्छे हाँस्छन् । यस्तो हाँसो भने स्वस्थ हाँसो होइन । यसले मान्छेलाई आनन्दित बनाउने भन्दा पनि उनको रिस, कुण्ठा अरू बढाइदिने काम गर्छ । अरूलाई घोचपेच गरे, अरूको मजाक उडाएर, अरूलाई दुःख दिएर हाँस्नुको कुनै अर्थ छैन । बरू मानव जीवनको लागि त्यो अनर्थ हो । *-अनलाइनखबरबाट*

# गरिबी निवारणमा ...

सकिएको स्थिति पाइँदैन । हाम्रो देशका पर्यटकीय सम्भावना बोकेको अधिकांश स्थलहरू देशका विभिन्न क्षेत्रमा छरिएर रहेका छन् र यहाँ पर्याप्त र राम्रो पर्यटकीय सेवा सुविधा दिइने अवस्था अझै कमी छ । कमजोर व्यवस्थापन, अपर्याप्त र खण्डित अवस्थाबाट ग्रसित रहेको छ । यसबाट नेपालीहरूले खास रूपमा फाइदा लिन सकेको स्थिति छैन । त्यसैले हाम्रो देशमा पर्यटकीय सम्भाव्यता अध्ययन गरी व्यवस्थित योजना तर्जुमा गर्नुपर्ने आवश्यकता महसुस गरिएको छ । अतः पर्यटन विकास, पर्यटन सम्पदा तथा पर्यटन सेवा र सुविधालाई प्याकेजिङ गरी विकास गर्नुपर्ने आवश्यकता रहेको देखिन्छ ।

हाम्रो देशको समग्र आम्दानीमा कृषि पर्यटन व्यवसायलाई पनि एक दिगो स्रोत सिर्जना गर्न र स्थानीय तहको विकासमा सन्तुलन कायम गर्नमा समेत पर्यटन एउटा महत्वपूर्ण माध्यम हुनसक्छ । देश तथा विभिन्न स्थानीय तहहरूमा रहेका कृषि कार्यालय, कृषि ज्ञान केन्द्र, व्यावसायिक कृषक, होटल व्यवसायी, यातायात व्यवसायी, सरोकारवाला उद्योग वाणिज्य संघ र निजी क्षेत्रको समेत संलग्नतामा आ-आफ्ना तबरका कार्यक्रम एकीकृत गरी स्थानीय कृषि पर्यटन विकास र व्यवस्थापनमा महत्वपूर्ण भूमिका निर्वाह गर्नुपर्ने आवश्यक देखिन्छ । स्थानीय समुदायको सहभागितालाई प्रोत्साहित गर्दै कृषि भूमि, ऐतिहासिक, पुरातात्विक तथा धार्मिक महत्वका सम्पत्तिको संरक्षण, परम्परागत वास्तुकला, मन्दिर र स्थानीय समाजका सांस्कृतिक सम्पदाहरूको संरक्षणसम्बन्धी कार्य जेनतेन प्रकारले गर्दै आइरहेको अवस्थामा गरिबी निवारणको लागि ठोस कार्यक्रमका साथ अगाडि बढ्नु आजको आवश्यकता हो ।

प्राकृतिक, ऐतिहासिक, धार्मिक तथा सांस्कृतिक, साहसिक दृष्टिकोणले विश्वकै प्रमुख देशहरूमध्ये नेपाल पनि हो । नयाँ पर्यटकीयस्थल, गन्तव्य पर्यटकलाई आकर्षण गरिने तत्वहरूको विकास गरी कृषि पर्यटन उद्योगलाई राष्ट्रिय अर्थतन्त्रको एक प्रमुख आधारको रूपमा विकास गर्न आवश्यकता रहेको छ । कृषि पर्यटनको माध्यमबाट काम वा रोजगारी सिर्जना गरी अवसर जुटाई गरिबी न्यूनीकरण गर्दै देशका जनताको जीवनस्तरमा सुधार ल्याउन आवश्यक छ । तबमात्र हरेक वर्ष अक्टोबर १७ मा मनाइने अन्तर्राष्ट्रिय गरिबी निवारण दिवस, सेप्टेम्बर २७ मा विश्वभर मनाइने विश्व पर्यटन दिवसले सार्थकता पाउनेछ ।

*(लेखक : गुणस्तर जीवन विषयमा विद्यावारिधि ।) -इमेल प्राप्त*






# इन्द्रसरोवरमा योजना अनुगमनलाई तिव्रता



◆ विकास संवाददाता

मकवानपुरको इन्द्रसरोवर गाउँपालिकाले योजना अनुगमनलाई तिव्रता दिएको छ ।

पालिका अध्यक्ष देवकृष्ण पुडासैनीको नेतृत्वमा २४ असोजमा पनि विभिन्न योजनाहरूको अनुगमन भएको छ । टोलीले वडा नंम्बर १ को सानुमार्खु स्वास्थ्य इकाई भवन, सानुमार्खु सेरा सडकका साथै अन्य योजनाहरूको अनुगमन गरिएको हो ।

अनुगमनमा गाउँपालिकाका उपाध्यक्ष उमा कुमारी लामा, प्रमुख प्रशासकीय अधिकृत प्रलाद कार्की, प्राविधिक शाखा प्रमुख ईन्जिनियर विमल मोक्तान, सूचना प्रविधि अधिकृत राजन खतिवडा, सब-इन्जिनियर सिताराम ढकालको सहभागिता रहेको थियो ।

# माओवादीले हसियाँ हथौडामा भोट हाल्नै पाएनन्

◆ विकास संवाददाता

४ मंसिरमा हुने प्रतिनिधिसभा सदस्य निर्वाचनमा नेकपा माओवादी केन्द्र मकवानपुका नेता, कार्यकर्ता तथा शुभचिन्तकहरूले यसपटक पनि प्रत्यक्ष निर्वाचनमा हँसिया हथौडामा भोट हाल्न नपाउने भएका छन् ।

प्रत्यक्षतर्फ २ प्रतिनिधि र ४ प्रदेश सदस्य रहेको मकवानपुरमा माओवादीले २ वटा प्रदेश सदस्यको लागि मात्र आफ्नो उम्मेदवारी खडा गरेको छ अर्थात प्रतिनिधिसभा सदस्यमा उम्मेदवारी दिएको छैन् ।

यसअघि, २०७४ मा भएको प्रतिनिधिसभा सदस्यमा पनि माओवादीले उम्मेदवारी दिएको थिएन । यसपटक, पाँच दलीय सत्ता गठबन्धनसँगको चुनावी तालमेल गर्दा माओवादीले मकवानपुरमा उम्मेदवारी नदिएको हो । ०७४ मा नेकपा एमालेसँगको तालमेलमा माओवादीले प्रतिनिधिसभा सदस्यको लागि उम्मेदवारी दिएको थिएन ।

यसअघि, हालै सम्पन्न स्थानीय निर्वाचनमा पनि माओवादीले हेटौंडा उपमहानगरपालिकाको मेयर, उपमेयरमा दाबी गरेको थिएन । कुनैबेला कम्युनिष्टको गड भनेर चिनिने मकवानपुरमा पछिल्लो समय हेटौंडा उपमहानगरसहित जिल्लामा माओवादीको जनमत क्रमशः कम हुँदै गएको कारण माओवादीले गठबन्धनमा दाबी गर्न नसकेको जिल्ला नेताहरूको बुझाइ छ ।

# मकवानपुरका उमेद्वारले नाम फिर्ता लिएनन्

◆ विकास संवाददाता

आगामी मंसिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनका लागि मनोनयन दर्ता गराएका मकवानपुरका ६९ जना उम्मेदवारहरूले आफ्नो उम्मेदवारी कायमै राखेका छन् । निर्वाचन कार्यतालिका अनुसार २६ असोजमा मनोनयन फिर्ता लिने समय भएपनि कसैले पनि उम्मेदवारी फिर्ता नलिएको मुख्य निर्वाचन अधिकृतको कार्यालयले जनाएको छ ।

जिल्ला निर्वाचन अधिकृतको कार्यालय मकवानपुरमा मनोनयन दर्ता गराएका उम्मेदवारहरूको नामावली २५ असोजमा प्रकाशन गरिएको थियो । मकवानपुरमा आगामी निर्वाचनका लागि प्रतिनिधिसभातर्फ निर्वाचन क्षेत्र नम्बर १ मा मनोनयन दर्ता गराएका १६ जना र क्षेत्र नम्बर २ मा १० जनाको नामावली प्रकाशन गरिएको छ ।

यस्तै, प्रदेशसभातर्फ मनोनयन दर्ता गरेका मकवानपुर क्षेत्र नम्बर १ को (क) मा १० जना र (ख) मा १५ जनाको नामावली प्रकाशन गरिएको छ । मकवानपुर क्षेत्र नम्बर २ को (क) मा ८ जना र (ख) मा १० जनाको नामावली प्रकाशन गरिएको थियो ।

उम्मेदवारको अन्तिम नामावली प्रकाशन गर्ने र चुनाव चिह्न दिएको छ । योसँगै मकवानपुरमा प्रत्यक्षतर्फको निर्वाचनको लागि ६९ जना उम्मेदवार हरू नै निर्वाचनमा सहभागी हुने भएका हुन् ।

# मकवानपुर-२ः सत्ता गठबन्धनका सबै 'पाहुना उमेद्वार'

◆ विकास संवाददाता

मकवानपुर क्षेत्र नम्बर २ मा सत्ता गठबन्धनले उमेद्वार बनाएका सबै उमेद्वार निर्वाचन क्षेत्र बाहिरका रहेका छन् । अर्थात, पाहुना उम्द्वारका रूपमा रहेका छन् भने नेकपा एमालेका सबै उम्द्वार निर्वाचन क्षेत्र भित्रकै रहेका छन् ।

मकवानपुर प्रतिनीधिसभा क्षेत्र नम्बर २ मा विरोध खतिवडालाई उमेद्वार बनाइएको छ । खतिवडा हेटौंडा उपमहानगरपालिका वडा नम्बर ४ अर्थात् मकवानपुर(१ (ख) का हुन् । उनी मकवानपुर प्रतिनीधिसभा (२ मा उमेद्वार छन् । त्यस्तै सत्ता गठबन्धनको मकवानपुर २ (क) मा कुमारी मोक्तानलाई उमेद्वार बनाइएको छ । मोक्तान पनि मकवानपुर-१ (ख) अर्थात हेटौंडा उपमहानगरपालिका वडा नम्बर १३ की हुन् । मकवानपुर(२ (ख) मा उमेद्वार बनाइएको इन्द्र बहादुर बानियाँ पनि हेटौंडाकै हुन् । उनी हेटौंडा उपमहानगर पालिका वडा नम्बर १८ अर्थात मकवानपुर-१ (क) का स्थायी बासिन्दा हुन् ।

तर नेकपा एमालेले मकवानपुर-२ मा उमेद्वार बनाइएका सबै जना स्थानीय भूगोलका रहेका छन् । प्रतिनीधिसभा-२ का उमेद्वार सोही निर्वाचन क्षेत्र अन्तर्गत भिमफेदी गाउँपालिका वडा नम्बर ४ नामटारका हुन् । त्यस्तै मकवानपुर-२ (क) का उमेद्वार विष्णु प्रसाद ढकाल सोही निर्वाचन क्षेत्रको थाहा नगरपालिका वडा नम्बर २ का हुन् भने मकवानपुर-२ (ख) का लाल बहादुर थापा सोही निर्वाचन क्षेत्र अन्तर्गत राक्सिराङ गाउँपालिकाका हुन् ।



### *'स्थानीयलाई भोट हाल्नू, पाहुनालाई सत्कार मात्र गर्नू'-उमेद्वार बर्तौला*

नेपाल कम्युनिष्ट पार्टी एमालेका प्रतिनिधीसभा क्षेत्र नम्बर-२ का उम्मेदवार महेश कुमार बर्तौलाले मकवानपुर क्षेत्र नम्बर(२ मा गठवन्धनका उम्मेदवारले आफुलाई भोट हाल्नका लागि नपाउने स्थिती रहेको बताएका छन् । क्षेत्र नम्बर-२ का गठवन्धनका उम्मेदवार विरोध खतिवडा हेटौंडा उपमहानगरपालिका वडा नम्बर-४ का स्थायी वासिन्दा र कुमारी मोक्तान पनि हेटौंडाकै वासिन्दा र इन्द्र बहादुर बानियाँ पनि हेटौंडाका स्थायी वासिन्दा भएकाले उनीहरूले आफुलाई भोट हाल्नका लागि यस क्षेत्रमा नपाउने र अरूको भोटबाट मात्र चुनावमा आस गरिरहेको बताए ।

मकवानपुरको थाहानगरको चुनावी प्रचारप्रसारको काममा २९ असोजमा आयोजित विभिन्न कार्यक्रम तथा मतदाता भेटघाट कार्यक्रममा उनले यस्तो बताएका हुन् । स्थानीय वासिन्दाहरूसंगको अन्तरक्रिया कार्यक्रममा बोल्दै बर्तौलाले भोट स्थानीय उम्मेदवारलाई हाल्न र पाहुना उम्मेदवारलाई सत्कार मात्र गर्न उनले आग्रह गरे । जसको आफ्ना क्षेत्रबाट भोट हाल्न नपाउने अनि अरूको मात्र भोटको आशले चुनाव लडेको उनको भनाइ छ । आफ्नै स्थानीय उम्मेदवार जो हरेक दुःख, सुखमा साथ दिन्छ उनैलाई मतदान गर्न बर्तौलाको आग्रह छ ।

गठवन्धनका उम्मेदवारहरू सत्ता, शक्तिको दुरूपयोग गर्दै चुनावमा लागि परेको उनले आरोप लगाए । यो चुनावमा हरेकले मत दिएमा आफु पाँच वर्ष सेवक बनेर काम गर्ने बर्तौलाले प्रतिवद्धता व्यक्त गरे ।


## बालबालिकालाई भिटामिन 'ए' र जुकाको औषधी खुवाउने बारे सूचना



यही २०७९ कार्तिक २ र ३ गते,
६ देखि ५९ महिना सम्मका बालबालिकालाई
भिटामिन 'ए' क्याप्सुल तथा १ देखि ५ वर्ष सम्मका
बालबालिका लाई जुकाको औषधी खुवाइँदै छ ।

आफ्ना बालबालिकालाई नजिकैको महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका मार्फत भिटामिन 'ए' र जुकाको औषधी खुवाऔं ।

थाहा नगरपालिका
स्वास्थ्य तथा सामाजिक विकास शाखा
ईन्द्रायणीचौर,मकवानपुर

अब हाम्रै थाहानगरको ओखरबजारमै
छपाईको शुभारम्भ
फ्लेक्स प्रिन्ट
काठमाण्डौं, हेटौंडा धाउनै पर्दैन...
अत्याधुनिक नयाँ मेसीनद्वारा १ घण्टा भित्र बोर्ड,व्यानर तयार
AARAV creation
DESIGN FLEX PRINT PHOTOGRAPHY
Thaha-1, Okharbazar, 9855068340/9802068340

हाम्रा अन्य सेवाहरू
- फ्लेक्स प्रिन्ट (व्यानर/साइनबोर्ड)
- होडिङ बोर्ड/स्टिकर प्रिन्ट/
- फ्लेक्स फोटो/मायाको चिनो तयारी
- प्रमाण-पत्र/कदर-पत्र/प्रशंसा पत्र तयारी
- कार्यक्रमको व्याच तयारी
- विभिन्न डिजाइनका फ्रेमिङ
- फोटो स्टुडियो/पि.भि.सी. कार्ड

9855068340/9802068340

# जनकल्यणमा शिक्षक र विद्यार्थीलाई सेयर शिक्षा



◆ विकास संवाददाता

ग्लोबल आइएमइ क्यापिटल लिमिटेडल सेयर शिक्षा दिएको छ। सेयर बजारमा लगानी गर्न इच्छुकहरूको लागि थाहा नगरपालिकाको जनकल्याण माविका व्यवस्थापन संकायमा अध्यनरत विद्यार्थी तथा शिक्षकहरूलाई लगानी व्यवस्थापनको विषयमा अनुशिक्षण दिइएको हो। कार्यक्रममा विज्ञहरू मार्फत सेयर बजारको आधारभूत तथा प्राविधिक जानकारी गराइएको हो।

सेयर बजारको प्राविधिक विश्लेषण गरेर उचित सेयर छनौट गरी उचित समयमा खरिद बिक्री गरेर विविधीकरण मार्फत जोखिम न्यूनीकरण गर्दै मुनाफा प्रदान कसरी गर्ने भन्ने जानकारी दिने उद्देश्यले कार्यक्रमको आयोजना गरियको ग्लोबल आइएमइ क्यापिटल लिमिटेडका वरिष्ठ अधिकृत छविलाल पौडेलले बताए।

कार्यक्रममा विद्यार्थीहरूलाई पढ्दै, कमाउदै गर्ने माध्यम बनोस भनेर आइपिओ र सेयर सम्बन्धी आधारभुत जानकारी दिइएको पौडेलले सुनाए।

कार्यक्रमलाई ग्लोबल आइएमइ क्यापिटल लिमिटेडका डेपुटी प्रमुख कार्यकारी अधिकृत पराग विष्टले सहजीकरण गरेका थिए।

# इन्द्रसरोवरको मितेरी सहकारीको कारोबार १२ करोड नाघ्यो

◆ विकास संवाददाता



मकवानपुरको इन्द्रसरोवर गाउँपालिका वडा नम्बर ५ पाटीचौरमा रहेको मितेरी बचत तथा ऋण सहकारी संस्थाले १२ करोड ३४ लाख ६३ हजार ६८५ रुपैयाँको वार्षिक कारोबार गरेको छ। सहकारीको १६ औं वार्षिक साधारणसभा २९ असोजमा गर्दै आर्थिक वर्ष २०७८/०७९ को वार्षिक आर्थिक तथा सामाजिक प्रगति प्रतिवेदनहरू पेश गरिएको थियो।

संस्थाका अध्यक्ष धनराज महर्जनको सभाध्यक्षता तथा इन्द्रसरोवर गाउँपालिका अध्यक्ष देवकृष्ण पुडासैनीको प्रमुख आतिथ्यतामा सभा गरिएको थियो। सहकारीमा एक करोड १९ लाख ५९ हजार आठ सय शेयर पुर्जी रहेको छ। सहकारीले आफ्ना शेयर सदस्यलाई ९ करोड ६० लाख २३ हजार २२८ रूपैयाँ कर्जा लगानी गरेको छ भने ९ करोड १२ लाख ५४ हजार ९५२ बचत निक्षेप रहेको संस्थाका व्यवस्थापक सरोज थापामगरले बताए। सहकारीको जगेडा कोष भने एक करोड ४७ लाख ५२ हजार ४५४ रहेको छ। सभाको अवसर पारेर उत्कृष्ट बचतकर्ता कविता लामा, उत्कृष्ट बाल बचतकर्ता अयोस थिङ, असल ऋणीतर्फ सरस्वती नगरकोटी, उत्कृष्ट शेयर खरिद कर्ता संगीता दोङ, उत्कृष्ट बचत समूह साना किसान बचत समूह र जेष्ठ शेयर सदस्यतर्फ मायादेवी कार्कीलाई सम्मान गरिएको थियो।

सभामा पालिका निवर्तमान अध्यक्ष जीवन लामा, पालिका उपाध्यक्ष उमा लामा, वडा नम्बर ५ का अध्यक्ष दुतराज तितुङ, वडा ४ का अध्यक्ष चन्द्रकुमार बल, जिल्ला बचत संघका लेखा संयोजक सुलोचना स्याङ्तान, कार्यपालिका सदस्य रामकृष्ण कामी, सावित्री सुनार, संस्थाका निवर्तमान अध्यक्ष शान्तलाल लामा, पुर्व अध्यक्ष मधुकर कार्की लगायत विभिन्न संघसंस्थाका प्रतिनिधिहरूको आतिथ्यता रहेको थियो।

# विश्व दृष्टि दिवस मनाइयो

◆ विकास संवाददाता

अक्टोबर १३ तारिख अर्थात विश्व दृष्टि दिवस। यस अवसरमा विश्वभर झैं मकवानपुरको थाहा नगरपालिकामा पनि कार्यक्रम गरी मनाइको छ। आँखा लाई माया गरौं, विश्व दृष्टि दिवस मनाऔं भन्ने नाराकासाथ यो दिवस मनाइएको छ।

विश्व दृष्टि दिवसको अवसरमा तिलगंगा आँखा प्रतिष्ठान अन्तर्गत रहेको सामुदायिक आँखा केन्द्र थाहा नगरपालिकाले पनि एक कार्यक्रमको आयोजना गरेको छ। साथै आँखा उपचार सम्बन्धी जनचेतना जगाउने उद्देश्यका साथ आँखा केन्द्र परिसरमा अन्तरक्रिया कार्यक्रम मार्फत स्थानीय सरकारी तथा गैरसरकारी निकायका प्रतिनिधि, व्यवसायी, संघसस्थाका प्रतिनिधि, सर्वसाधारण तथा बिरामीको उपस्थितिमा




आँखा स्वास्थ्य सेवाको आवश्यकता तथा महत्ववारे जानकारी गराइएको थियो।

कार्यक्रममा थाहा नगरपालिकाका प्रमुख विष्णु बहादुर विष्ट, वडा नम्बर ३ का अध्यक्ष हिरेन्द्र रायमाझी, अस्पताल निर्माण समितिका सचिव शकुन्तला गोपाली, कोषाध्यक्ष विमल कुमार ढकाल, आँखा केन्द्रकी इन्चार्ज विनी महर्जन लगायतका उपस्तिथि रहेको थियो।

# थाहाको १२ नम्बर वडामा खेतीयोग्य जमिन बगायो

◆ विकास संवाददाता

थाहा नगरपालिका वडा नम्बर १२ का स्थानीय दुई जनाको खेती योग्य जमिन बगाएको छ। १९, २० असोजमा परेको निरन्तर पानीका कारण बाढीपहिरोले जमिन बगाएको हो।

ढिलो गरी प्राप्त जानकारी अनुसार लगातारको वर्षाले स्थानीय सानोकान्छा थिङको ६ रोपनी र सुकमान स्याङ्तानको ४ रोपनी जग्गा बगाएको वडाध्यक्ष टिकाराम स्याङ्तानले जानकारी दिए। खेतीयोग्य जमिन बगाएपछि उनीहरूलाई संकट परेको छ। पानिले स्थानीयले लगाएका सबै प्रकारका बालीमा क्षति पुऱ्याएको छ। वर्षाले पुऱ्याएको क्षतिको विवरण संकलन गरिरहेको वडाध्यक्ष स्याङ्तानले बताए।

# थाहामा सुरक्षित आप्रवासन सम्बन्धी अन्तरक्रिया

◆ विकास संवाददाता

थाहा नगरपालिकामा सुरक्षित आप्रवासन (सामी) कार्यक्रमबारे स्थानीय तहका पदाधिकारी र सरोकारवालाहरूसँग एक दिवसीय समन्वय बैठक तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरिएको छ।

थाहा नगरपालिकाका उपप्रमुख भरत गोपालीको अध्यक्षतामा अन्तरक्रिया कार्यक्रम भएको हो। नगर कार्यपालिकाको हलमा भएको कार्यक्रममा वैदेशिक रोजगारीको वर्तमान अवस्था, समस्या तथा अवसरहरू, सुरक्षित आप्रवासन (सामी) कार्यक्रम, कार्यक्रमबाट प्राप्त उपलब्धीहरू तथा सुरक्षित वैदेशिक रोजगारसम्बन्धी सेवाहरूलाई दिगोरुपमा सञ्चालनका लागि स्थानीय सरकारहरूको पहलबारे अन्तरक्रिया गरिएको थियो।

कार्यक्रममा हेल्भेटास नेपालका प्रदेश कार्यालयका कार्यक्रम प्रवन्धक तरूण अधिकारी र सुशासन संयोजक भक्त राईले बैदेशिक रोजगारी, सामी कार्यक्रम र स्थानीय सरकारहरूका पहलबारे प्रस्तुतीकरण गरेका थिए। सो अवसरमा



थाहा नगरपालिकाका उपप्रमुख गोपालीले सामी कार्यक्रम धेरै महत्वपूर्ण रहेको औल्याउँदै कार्यक्रमलाई सहयोग गर्न कार्यपालिकाका सदस्यहरू तथा सम्बन्धित कर्मचारीहरूलाई आग्रह गरे। थाहा नगरपालिका वडा नम्बर ७ का वडाध्यक्ष शिवराज थिङले आगामी समयमा बैदेशिक रोजगारीबाट सिर्जित समस्याहरूको समाधान गर्न वडा कार्यालयको तर्फबाट बजेट विनियोजन गर्ने बताए।

समन्वय बैठकले नगरपालिकाको संगठन संरचना संशोधन गरी छुट्टै श्रम तथा रोजगार शाखा स्थापना, श्रम तथा रोजगार कार्यविधि पारित र आवधिक योजनामा सुरक्षित आप्रवासनको विषय समेट्न कार्यपालिकालाई अनुरोध गर्ने निर्णय गरेको छ। कार्यक्रममा हेल्भेटास नेपालका कार्यक्रम अधिकृत उमा पौडेल, सुरक्षित आप्रवासन कार्यक्रम संयोजक अन्जिता थापामगर, रोजगार संयोजक कुमार नेगी, थाहा नगरपालिकाका विषयगत शाखा प्रमुखहरू लगायतको समेत सहभागिता रहेको थियो।



समयमै व्यक्तिगत घटना दर्ता गरौं।
थाहा नगरपालिका
इन्द्रायणी चौर, मकवानपुर
पञ्जीकरण शाखा
जन्म दर्ता बालबालिकाको नैसर्गिक अधिकार हो। जन्मेको ३५ दिन भित्रै आफ्नो स्थानीय तहमा गई दर्ता गरौं। जन्म र मृत्यु दर्ताको सूचना परिवारको मुख्य व्यक्तिले र निजको अनुपस्थितिमा परिवारको उमेर पुगेको व्यक्तिले सूचना दिन सक्छन्। जन्म, मृत्यु, बसाई सराई, विवाह एवं सम्बन्ध विच्छेदका घटना दर्ता गर्नु नागरिकको कर्तव्य हो। बसाई सराई गर्दा व्यक्ति आफू मात्र बसाई सरी गए व्यक्तिले र परिवार नै बसाई सरी गए परिवारको मुख्य व्यक्तिले दर्ता गर्नु पर्छ।

## जथाभावी फोहर नफालौं, सभ्य नागरिकको परिचय दिऔं ।

- सडक तथा सार्वजनिक स्थानमा फोहर नफालौं ।
- घर तथा कार्यस्थलबाट निस्किएको फोहरको उचित व्यवस्थापन गरौं ।
- कुहिने र नकुहिने फोहरलाई छुट्टाछुट्टै राखौं ।
- कुहिने फोहरलाई घरमा नै मल बनाई प्रयोग गरौं ।
- नकुहिने फोहरलाई तोकिएको स्थान र समयमा मात्र विसर्जन गरौं ।
- खाद्य वा अन्य वस्तु प्रयोग वा उपभोग गरिसकेपछि प्लाष्टिक लगायतका बट्टा वा खोल जथाभावी नफालौं ।

शहर तथा गाउँ स्वच्छ र सफा राखौं ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

नेपाल सरकार
गृह मन्त्रालय
**राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग**
सिंहदरबार, काठमाडौं

### सामाजिक सुरक्षा परिचयपत्र नवीकरण सम्बन्धी अत्यन्त जरुरी सूचना




सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेका लाभग्राहीहरुले २०७९ श्रावण १ गतेदेखि २०७९ भाद्र मसान्तसम्म आफ्नो स्थायी ठेगाना रहेको वडा कार्यालयमा लाभग्राही स्वयं उपस्थित भई अनिवार्य रुपमा परिचयपत्र नवीकरण गरौं

**तोकिएको समयमा नवीकरण नगराएमा सामाजिक सुरक्षा भत्ता प्रदान गरिने छैन ।**

थाहा नगरपालिका
नगर कार्यपालिका कार्यालय
इन्द्रायणी चौर मकवानपुर





● दिगो विकास मल्टिमिडिया (प्रा.) लि.द्वारा प्रकाशित ● मुद्रण : श्रीया अफसेट प्रेस हेटौंडा ● कार्यालय : थाहा-४, मकवानपुर ● इमेलः bikaskhabar@gmail.com ● सम्पादक : कुमार नेगी